त्रिभुवन विश्वविद्यालय,
विज्ञान तथा प्रविधि अध्ययन संस्थान,
डीनको कार्यालय,
परीक्षा शाखा, बल्खु ।

## स्नातकोत्तर (M.Sc.) तह २०८२ को नयाँ विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सम्वन्धी सूचना

त्रि.वि., विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका केन्द्रीय विभाग, आंगिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरुमा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार पठन पाठन हुने विज्ञान तर्फ स्नातकोत्तर (M.Sc.) तह **१) भौतिक शास्त्र २) रसायन शास्त्र ३) वनस्पति शास्त्र ४) प्राणी शास्त्र ५) माइक्रोवायोलोजी ६) वातावरण विज्ञान ७) भूगर्भ शास्त्र ८) जल तथा मौसम विज्ञान ९) जैविकप्रविधि १०) Biodiversity and Environmental Management (BEM) ११) Environmental Health in Disaster (EHD) १२) Engineering Geology १३) खाद्य प्रविधि १४) तथ्यांक शास्त्र १५) गणित १६) कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि १७) Mountain and Mountaineering Science (M.Sc.MMS) १८) Master in Data Science (MDS) १९) Master in Information Technology (MIT)** विषयमा भर्ना हुन इच्छुक विद्यार्थीहरुका निमित्त २०८२ को लागि निम्नानुसारको प्रवेश परीक्षा तथा नयाँ भर्ना सम्बन्धी कार्यक्रम प्रकाशित गरिएको छ ।

### १. प्रवेश परीक्षाको लागि न्यूनतम योग्यता:

(क) माथी उल्लेखित हरेक विषयहरुको पाठ्यक्रमले तोकेको आवश्यक न्युनतम योग्यता पुरा गरेका विद्यार्थीहरुले मात्र आवेदन दिन सक्ने छन् । आ-आफ्नो विषयको केन्द्रीय विभागहरुबाट आवश्यक न्युनतम योग्यता थाहा पाउन सकिने छ ।

**केन्द्रीय विभागहरु /स्कूलका website निम्नानुसार रहेका छन् :**

| SN | Program | Home Page | e-mail/Contact Number |
|---|---|---|---|
| 1 | भौतिक शास्त्र (Physics) | https://cdp.tu.edu.np/ | head@cdp.tu.edu.np/01-4331054 |
| 2 | रसायन शास्त्र (Chemistry) | https://cdc.tu.edu.np/ | info@cdc.tu.edu.np/01-4332034 |
| 3 | वनस्पति शास्त्र (Botany) | https://cdb.tu.edu.np/ | info@cdb.tu.edu.np/01-4331322 |
| 4 | प्राणी शास्त्र (Zoology) | https://cdz.tu.edu.np/ | info@cdz.tu.edu.np/01-4331896 |
| 5 | माइक्रोवायोलोजी (Microbiology) | https://cdmi.tu.edu.np/ | info@cdmi.tu.edu.np/01-4331869 |
| 6 | वातावरण विज्ञान (Environmental Science) | https://cdes.tu.edu.np/ | info@cdes.tu.edu.np/01-4332147 |
| 7 | भूगर्भ शास्त्र (Geology) | https://cdgl.tu.edu.np/ | head@cdgl.tu.edu.np/01-4332449 |
| 8 | जल तथा मौसम विज्ञान (Hydrology and Meteorology) | https://cdhm.tu.edu.np/ | info@cdhm.tu.edu.np/01-4331418 |
| 9 | जैविकप्रविधि (Biotechnology) | https://cdbt.tu.edu.np/ | head@cdbt.tu.edu.np/01-4336221 |
| 10 | Biodiversity and Environmental Management (BEM) | https://cdb.tu.edu.np/ | info@cdb.tu.edu.np/01-4331322 |
| 11 | Environmental Health in Disaster (EHD) | https://cdes.tu.edu.np/ | info@cdes.tu.edu.np/01-4332147 |
| 12 | Engineering Geology (EGE) | https://cdgl.tu.edu.np/ | head@cdgl.tu.edu.np/01-4332449 |
| 13 | खाद्य प्रविधि (Food Technology) | https://cdft.tu.edu.np/ | head@cdft.tu.edu.np/25576726 |
| 14 | तथ्यांक शास्त्र (Statistics) | https://tucds.edu.np/ | head@cds.tu.edu.np/01-4331710 |
| 15 | गणित (Mathematics) | https://cdmath.tu.edu.np/ | head@cdmath.tu.edu.np/01-4331977 |
| 16 | कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (CSIT) | https://cdcsit.tu.edu.np/ | info@cdcsit.tu.edu.np/01-4333010 |
| 17 | Mountain and Mountaineering Science (M.Sc.MMS) | www.nma.gov.np | tanka.paudel@nepalmountain.edu.np/ 01-5244266 |
| 18 | Master in Data Science (MDS) | https://sms.tu.edu.np/ | info@sms.tu.edu.np/01-5314073 |
| 19 | Master in Information Technology (MIT) | https://cdcsit.tu.edu.np/ | info@cdcsit.tu.edu.np/01-4333010 |

(ख) आवश्यक न्युनतम योग्यता पुरा नगरेका विद्यार्थीहरुले अनलाईन फाराम भरेको वा प्रवेश परीक्षा दिईएको पाईएमा आवेदन रद्ध गरिनेछ ।

(ग) विदेशी शैक्षिक संस्था वा अन्य विश्वविद्यालयहरुबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता (Equivalence) प्राप्त गरेको कागजात पेश गर्नु पर्नेछ ।

## २. आवेदन प्रक्रिया :

(क) विज्ञान तथा प्रविधि अध्ययन संस्थानको website iost.tu.edu.np मा राखिएको M.Sc. प्रवेश परीक्षाको आवेदन फारामको Link आवेदक स्वयम्ले भरी Online बाटै सोही website मार्फत Submit गर्नुपर्ने छ ।

(ख) आवेदन फाराम Internet सुविधा भएको कुनै पनि स्थानबाट तोकिएको अवधी भित्र कुनै पनि समयमा भर्न सकिने छ । तोकिएको समय पश्चात Online फाराम स्वत: बन्द हुनेछ ।

(ग) प्रवेश परीक्षा शुल्क वापतको रकम रु. **२,२००।- (अक्षेरुपी दुई हजार दुई सय मात्र)** Online पोर्टलमा रहेको app तथा link प्रयोग गरेर Online माध्यमबाट शुल्क जम्मा गर्न सकिने छ । साथै नेपाल भित्रको ग्लोवल आई.एम.ई.बैंक लि.को कुनै पनि शाखाबाट विज्ञान तथा प्रविधि अध्ययन संस्थान प्रवेश परीक्षाको लागि सो बैंकबाट तयार गरिएको विशेष भौंचर भरी यस डीनको कार्यालयको ग्लोवल आई.एम. ई.बैंक लि., कीर्तिपुर शाखामा रहेको खातामा पनि जम्मा गर्न सकिनेछ । **प्रवेश परीक्षा शुल्क वापत वुझाएको रकम फिर्ता हुने छैन ।**

(घ) आवेदकले फाराम भर्दा Online पोर्टलमा उपलब्ध निर्देशनलाई अनिवार्य रुपले पालना गर्दै जानकारीहरु तथा Upload गर्नु पर्ने सामाग्रीहरु सहित Submit गर्नु पर्नेछ । आवेदनको न्युनतम योग्यता प्रमाणित गर्न ट्रान्सक्रिप्ट, मार्कसिटहरु, समानस्तर प्रमाणपत्र, आवेदकको हस्ताक्षर (कालो मसी प्रयोग गरेको) तथा MRP Standard फोटो लगायतका सामाग्रीहरु तयार गरेपछि मात्र Online फाराम भर्न सूचित गरिन्छ । **धमिलो पढ्न नसकिने डकुमेन्ट प्राप्त भएमा आवेदन स्वीकृत हुने छैन् ।**

(ङ) स्नातक तहको ट्रान्सक्रिप्ट नभएको अवस्थामा सबै वर्षको सबै मार्कसिटहरुको सिङ्गल PDF फाईल बनाई अपलोड गर्नु पर्नेछ ।

(च) विद्यार्थीले उपलब्ध परीक्षा केन्द्रहरु मध्ये आफूले परीक्षा दिन चाहेको केन्द्र तोक्न सक्नेछन् ।

(छ) आवेदन पश्चात Acknowledgement Page डाउनलोड गरी राख्नु पर्नेछ । जसमा भएको जानकारीहरु र बैंकबाट प्राप्त भौंचर कोड प्रयोग गरी आ-आफ्नो आवेदनको अवस्था र तोकिएको समय पश्चात Admit Card प्राप्त गर्न सकिने छ । **Admit Card (प्रवेश पत्र) आवेदकले आफै Color Print गरी आफूले तोकेको परीक्षा केन्द्रमा गई प्रवेश परीक्षा दिनु पर्नेछ** । प्रवेश परीक्षा दिन जाँदा प्रवेशपत्रको साथै आफ्नो परिचय खुलाउने फोटो सहितको ID (जस्तै नागरिकता प्रमाणपत्र वा सवारी चालक प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्र वा राहदानी वा पछिल्लो शैक्षिक तहको प्रवेशपत्र मध्ये कुनै एक) पनि ल्याउनु पर्नेछ ।

## ३. प्रवेश परीक्षाको किसिम :

(क) प्रबेश परीक्षाको अंकभार **१०० पूर्णाङ्कको र अवधी २ घण्टाको** हुनेछ । जसमा B.Sc वा सो सरहको सम्बन्धित विषय समितिले तोकेको पाठ्यक्रम अनुसारको हुनेछ ।

(ख) प्रश्नहरु Objective वा Multiple Choice Questions अनुसारको हुनेछ । हरेक प्रश्नको भार १ (एक) हुनेछ ।

(ग) प्रवेश परीक्षा उत्तीर्ण हुन पूर्णाङ्कको ३५% अंक प्राप्त गर्नु पर्ने छ ।

(घ) प्रवेश परीक्षाको नमूना प्रश्नपत्र सम्बन्धित केन्द्रीय विभागको website बाट हेर्न सकिने छ ।

## ४. प्रवेश परीक्षा कार्यक्रम :

**आवेदन मिति :२०८२।०८।११ गते विहान १०:०० बजे देखि मिति २०८२।०९।११ गते सम्म ।**

**प्रवेश परीक्षा मिति, समय र केन्द्र :** पछि प्रकाशित गरिने छ ।

## ५. अन्य

(क) केन्द्रीय विभाग/क्याम्पस/कलेज/स्कूलमा निर्धारित भर्ना कोटा मध्ये २०% विद्यार्थी समावेशीको आधारमा र ८०% खुल्ला प्रतिस्पर्धाबाट भर्ना लिईने छ । समावेशी फारम भर्नाको सूचनासंगै उपलब्ध गराईनेछ ।

(ख) यस सूचनामा उल्लेख हुन छुट भएका बुँदाहरु "त्रि.वि.सेमेष्टर प्रणाली संचालन विनियम २०७४" बमोजिम हुने छ ।

मिति : २०८२।०८।१०

सहायक डीन

डीनको ... कीर्तिपुर २०४५